वर्ष १९ । अंक २८९ । काठमाडौं । बुधवार, ३० साउन २०८१ । Wednesday, 14 August 2024 । पृष्ठ ८+८+८+४ । मूल्य रू. १०

# आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ अनुसूची १४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

# आ.व. २०८०/०८१ को चौथो त्रैमासिक प्रतिवेदन

## दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेड

ब्लुस्टार कम्प्लेक्स, त्रिपुरेश्वर-११, काठमाडौं

फोनः ०१-५३३२७४९

**१) वित्तीय विवरण :**

क) आ.व. २०८०/०८१ को चौथो त्रैमासिक विवरण व्यवस्थापनद्वारा तयार गरिएको अपरिष्कृत वित्तीय अवस्थाको विवरण तथा आय विवरण ।

### वित्तीय अवस्थाको विवरण

(रकमं रु. मा)

| विवरण | लेखा परीक्षण नभएको | | |
|---|---|---|---|
| | अषाढ मसान्त २०८१ सम्ममा | चैत मसान्त २०८० सम्ममा | अषाढ मसान्त २०८० सम्ममा |
| **सम्पत्ति** | | | |
| **गैह चालु सम्पत्ति** | | | |
| स्थिर सम्पत्ति | २,९५०,१६८,७८१.८२ | २,९५७,४६३,४३१.७९ | २,९८९,६०३,८५३.८८ |
| पूँजीगत कार्य प्रगति | १३४,४०१,७२९.१३ | १११,५८६,६१६.४० | १००,२६४,९६४.८५ |
| **जम्मा गैह चालु सम्पत्ति** | **३,०८४,५७०,५१०.९५** | **३,०६९,०५०,०४८.१९** | **३,०८९,८६८,८१८.७३** |
| **चालु सम्पत्ति** | | | |
| नगद तथा बैंक मौज्दात | १३,४७८,१८२.११ | १४,४८०,६११.७९ | २१,०८८,१२९.८८ |
| आसामीहरु | १९०,२१८,७३१.९० | १६७,६५५,२१५.६३ | ८८,७६५,६६३.६० |
| अग्रिम भुक्तानी, पेश्की, सापटी तथा धरौटी | ३५,३४३,८९९.७८ | ३२,१९९,३१४.९५ | ४४,८३४,०५०.५१ |
| **जम्मा चालु सम्पत्ति** | **२३९,०४०,८१३.७९** | **२१४,३३५,१४२.३७** | **१५४,६८७,८४३.९९** |
| **जम्मा सम्पत्ति** | **३,३२३,६११,३२४.७४** | **३,२८३,३८५,१९०.५६** | **३,२४४,५५६,६६२.७२** |
| **पूँजी तथा दायित्व** | | | |
| **पूँजी तथा जगेडा कोष** | | | |
| शेयर पूँजी | १,०५४,२६०,४००.०० | १,०५४,२६०,४००.०० | १,०५४,२६०,४००.०० |
| जगेडा कोष र संचित नाफा | १,९८६,७६४.६२ | २,७५०,८३५.७९ | ५,९८१,७८९.०२ |
| **जम्मा पूँजी तथा जगेडा कोष** | **१,०५६,२४७,१६४.६२** | **१,०५७,०११,२३५.७९** | **१,०६०,२४२,१८९.०२** |
| **दायित्व** | | | |
| **गैह चालु दायित्व** | | | |
| दीर्घकालीन बैंक ऋण | १,७७३,२२६,२४४.९३ | १,७७३,३३०,१०६.२६ | १,७५४,७५१,४०३.७७ |
| **जम्मा गैह चालु दायित्व** | **१,७७३,२२६,२४४.९३** | **१,७७३,३३०,१०६.२६** | **१,७५४,७५१,४०३.७७** |
| **चालु दायित्व र व्यवस्था** | | | |
| व्यापारिक र अन्य दायित्व | ४६८,७३४,०९२.३३ | ४४२,९४५,५६४.२१ | ३८६,५३९,२१४.१० |
| अल्पकालीन बैंक ऋण | २४,९८५,४००.७५ | ९,९९८,१७२.७५ | ४२,३८९,६७२.६२ |
| अन्य व्यवस्थाहरु | ४१८,४२२.११ | १००,१११.५५ | ६३४,१८३.२१ |
| **जम्मा चालु दायित्व तथा व्यवस्थाहरु** | **४९४,१३७,९१५.१९** | **४५३,०४३,८४८.५१** | **४२९,५६३,०६९.९३** |
| **जम्मा पूँजी तथा दायित्व** | **३,३२३,६११,३२४.७४** | **३,२८३,३८५,१९०.५६** | **३,२४४,५५६,६६२.७२** |

### आय विवरण

(रकम रु. मा)

| विवरण | लेखा परीक्षण नभएको | | |
|---|---|---|---|
| | अषाढ मसान्त २०८१ सम्ममा | चैत मसान्त २०८० सम्ममा | अषाढ मसान्त २०८० सम्ममा |
| **कुल आम्दानी** | ३२५,८२४,०९०.०७ | २५३,६९३,८२५.९९ | २१९,०७०,६८०.४९ |
| विद्युत उत्पादन खर्च | (३३,८३८,३२३.००) | (२३,६०७,३६९.९२) | (२३,०१०,४४१.९२) |
| प्रशासनिक खर्च | (३१,७२८,३२९.१३) | (१३,८७१,३६२.५६) | (१८,५९०,३८०.६२) |
| ह्रास खर्च | (३०,१०९,६३९.१३) | (२२,५६७,०१७.७९) | (२३,८१८,९३६.२१) |
| वित्तीय लागत | (२२५,५५१,५११.७४) | (१८८,२८७,७१७.४७) | (१६५,९०४,९८८.६२) |
| **खुद नाफा/(नोक्सान)** | **४,५९६,२८७.०७** | **५,३६०,३५८.२५** | **(१२,२५४,०६६.८८)** |

नोटः

माथि उल्लेखित अंकहरु आवश्यकता अनुसार पुनःवर्गीकरण गर्न सकिने छ ।

लेखा परीक्षण नभएका अंकहरु लेखाप्रीक्षक तथा नियामक निकायको निर्देशन बमोजिम हेरफेर हुन सक्नेछ ।

**ख) प्रमुख वित्तीय अनुपातहरु सम्बन्धि विवरण निम्नाअनुसार छन् :**

| अवधी | प्रतिशेयर आम्दानी रु. (वार्षिकिकरण) | प्रतिशेयर नेटवर्थ रु. | तरलता अनुपात | प्रतिशेयर कुल सम्पतीको मूल्य रु. | मूल्य आम्दानी अनुपात |
|---|---|---|---|---|---|
| यस त्रैमासिक अन्त्य सम्ममा | ०.४४ | १००.१९ | ०.४८ | ३१५.२६ | १,०३३.३२ |

**२) व्यवसायिक विश्लेषण :**

**क) त्रैमासिक अवधिमा कम्पनीको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरण:**

यस कम्पनीले लमजुङ जिल्लाको दोर्दी गाउँपालिकामा १२ मेगावाट क्षमताको दोर्दी १ जलविद्युत आयोजनाको निमार्ण सम्पन्न गरी २०७९ असोज १७ गते देखि बिद्युत्को व्यापारिक उत्पादन गर्दै आईरहेको छ । हाल २०८१ अषाढ मसान्त सम्मको बिल रकम सहित रु १९,०२,१८,७३१.९० (अक्षरमा: उन्नाईस करोड दुई लाख अठार हजार सात सय एक्कतीस रुपैंयाँ नब्बे पैसा मात्र) आसामी बापतको रकम नेपाल विद्युत प्राधिकरणको नाममा रहेको छ । जस मध्ये Non - Dispatch Energy को दाबी वापत प्राप्त गर्नुपर्ने रकम रु. १२,९४,७९,८०१.१९ (अक्षरमा: बाह्र करोड चौरानब्बे लाख उन्नासी हजार आठ सय एक रुपैंया उन्नाईस पैसा मात्र) रहेको छ र कम्पनीले उक्त रकम विद्युत खरिद बिक्री सम्झौता अनुसार बिलीङ गरेको छ र उक्त रकम नेपाल विद्युत प्राधिकरण (ने.वि.प्रा) र कम्पनीबीच हिसाब मिलान हुन बाँकी रहेकोले सो रकम घटबढ हुन सक्ने छ ।

**ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण:**

कम्पनीले दीर्घकालीन ऋण चुक्ता गर्न १:१ हकप्रद शेयर जारीको लागी आ.व. २०७९/०८० को वार्षिक साधारण सभाबाट पारित भई विद्युत् नियमन आयोगको अनुमति पश्चात् धितोपत्र बोर्डमा निवेदन पेश गरी सकिएको छ। साथै, यस कम्पनीले थप दुई आयोजनाहरु सुपर इङ्खु खोला जलविद्युत आयोजना (२४.४१ मे.वा) र म्याग्दी खोला (ए) जलविद्युत आयोजना (३० मे.वा) को प्रारम्भिक अध्ययन सम्पन्न गरी विद्युत् विकास विभागसंग विद्युत् उत्पादन अनुमति पत्रको प्रक्रियामा रहेको छ ।

**ग) विगतको अनुभवबाट संगठित कम्पनीको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदी भएमा सो सम्बन्धि विश्लेषणात्मक विवरण:**

यस कम्पनीको नाफा र नगद प्रवाहमा प्रतिकूल असर पार्ने खालको घटना र अवस्था हाल सम्म देखिएको छैन । तर, मानवीय नियन्त्रण भन्दा बाहिरको दैवीक प्रकोप (काबु बाहिर स्थिति) को असर भने सदा रहिरहने छ ।

**३) कानुनी कारबाही सम्बन्धी विवरण** : यस त्रैमासिकमा कम्पनीले कसैं विरूद्ध र कसैले संस्था विरूद्ध साथै संस्थापक र संचालक विरूद्ध कुनै मुद्धा मामिला परे/गरेको छैन ।

**४) कम्पनीको शेयर कारोबार सम्बन्धि विश्लेषण:**

**क) धितोपत्र बजारमा कम्पनीको शेयर कारोबार नियमानुसार सामान्य प्रकृतिबाटै भएको छ । यस त्रैमासिक अवधिमा कम्पनीको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्या नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेवसाइट अनुसार:**

| अधिकतम मूल्य रू | न्यूनतम मूल्य रू. | अन्तिम मूल्य रू. | कारोबार भएको कुल दिन | कारोबार संख्या |
|---|---|---|---|---|
| ५०२.८० | ३९२.३० | ४५०.५० | ६१.०० | १३१०९.०० |

**ख) धितोपत्र बजारमा भएको संगठित कम्पनीको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा:**

यस कम्पनीको साधारण शेयरको मूल्य शेयर बजारमा हुने खुल्ला कारोबारले निर्धारण गर्ने हुँदा व्यवस्थापनको धारणा तटस्थ रहेको छ ।

**५) समस्या तथा चुनौती** :

कम्पनीले वहन गर्नु परेको समस्या तथा चुनौतीहरू बजारमा रहेको यस्तै प्रकृतिको अन्य संस्था सरह नै छन्। अन्य समस्या र चुनौती समाधानका उपायहरू बारेमा संचालक समितिले समय समयमा समिक्षा गरि आवश्यक रणनीति बनाई सो को निराकरणको उपाय अवलम्बन गर्ने गरेको छ। साथै नदीमा प्रशस्त पानी भएता पनी नेपाल विद्युत प्राधिकरण (ने.वि.प्रा.) ले जडित क्षमता भन्दा कम विद्युत उत्पादन गर्न निर्देशन दिएकोले आयोजनाले १२ मे.वा. भन्दा कम विद्युत उत्पादन गर्न कम्पनी बाध्य भएको छ र यसरी भएको आर्थिक क्षती वापतको रकम मासिक बिल बाट दाबी गरी भुक्तानीका लागी कम्पनीले ने.वि.प्रा. मा सम्पूर्ण कागजातहरू पेश गरेतापनी सो को समेत भुक्तानि भएको छैन ।

**६) संस्थागत सुशासन** :

संस्थागत सुशासन अभिवृद्धिका लागि व्यवस्थापनले कर्मचारीको वृत्ति विकास, आवश्यक कार्यकक्ष र सामाग्रीहरूको समुचित व्यवस्था कार्यका लागि उचित वातावरण तयार गर्ने गरेको छ ।

**७) सत्य, तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण** :

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन ।